**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 3, No. 1, 2013**
**ISSN 2091-1106**

# कथाः एक सैद्धान्तिक चर्चा

**इन्द्रप्रसाद भट्टराई**
**नेपाली विभाग, त्रि.वि., ठाकुर राम बहुमुखी क्याम्पस वीरगंज, नेपाल**

**सार**

*कथा मानव जीवलाई अत्यन्त नजिकबाट अध्ययन गरेर उसका जीवनका हरेक सुख र दुख्खलाई समान रूपमा समेट्ने १९ औं शताब्दीको एक सशक्त साहित्यिक विधा हो । यसमा पात्र र घटनाको अन्योन्यकिया (Inter Play) द्वारा एक निश्चित उद्देश्यमा पुग्ने काम हुन्छ । आकारमा सानो भए पनि आफैंमा पूर्ण हुने र मानवीय संवेगहरूलाई बहन गर्ने यो एउटा दरिलो माध्यम् हो । यसले प्रभावान्वितिको पूर्ण रूपमा परिपालना गरेको हुन्छ । यो एउटा परिवर्तनशील गद्य विधा भएको हुँदा हाल यसका रचनाविधानमा संरचना र रूपविन्यास गरी दुई रूपहरू देखिन्छन् । आकारको दृष्टिले कथा अत्यन्त छोटो हुने भएकोले यसको कथानक अकस्मात सुरू हुने, छिट्टै गति लिने र निष्कर्षमा पुगी हाल्ने प्रवृत्तिको हुन्छ । कथा सोदेश्यपूर्ण लेखिने हुँदा यसमा कुनै भाव विचार वा दृष्टिकोण प्रस्तुत भएको हुन्छ स जसलाई साहित्य शास्त्रको भाषमा सारवस्तु भनिन्छ । यो विधा आकारको दृष्टिले सानो हुने भएकोले एकातिर यसमा जीवनको केवल एक खण्ड (Slice of Life) को कलात्मक प्रस्तुति हुन्छ भने अर्कातिर यसमा परिमित पात्रहरू रहेका हुन्छन् ।*

**मुख्य शब्दहरू**

अनुभूति; अन्योन्यक्रिया; मानवीय संवेग; प्रभावान्विति; चित्ताकर्षक; आवेष्टन; क्रियाव्यापार; पात्र र घटनाको अन्तर्क्रिया; दृष्टिविन्दु; परिमित; आग्रहीकरण

## विषय प्रवेश

कथा गद्यमा लिखित एक आख्यानात्मक कृति हो। कथाको जन्म मानवको जन्म र भाषाको अविष्कारका साथै भएको हो। तापनि आधुनिक समीक्षाशास्त्रअनुसार यसको जुन रूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ, त्यो १९ औं शताब्दीको पाश्चात्य देन हो। यसमा कथाकारले आफूभित्र भएका अनुभूतिहरूलाई पात्रहरूका माध्यम्बाट आख्यानात्मक तरिकाले सम्पादन गरेको हुन्छ। कथाको आफ्नै सैद्धान्तिक रूप भए पनि यो कुनै सीमा वा शास्त्रीय नियमभित्र आबद्ध परम्परागत विधा होइन। आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको यो एक लचिलो किंवा परिवर्त्य साहित्य रूप हो। अझ स्पष्ट रूपमा भन्दा कथा कथात्मक संकथनभित्र पर्ने एउटा गद्य विधा हो, जसमा पात्र र घटनाको अन्तक्रिया हुन्छ। कथाकारले कथाका माध्यम्बाट आफूभित्र लागेका विचार वा भाव पाठकसमक्ष राख्ने गर्दछ। अतः एव कथा भाव र विचारको वाहक हो भन्दा पनि अतियुक्ति नहोला।

## कथाको परिभाषा

आज विकसित कुनै पनि साहित्यिक विधालाई एउटा मात्र निश्चित परिभाषाद्वारा परिभाषित गर्नु युक्तिसङ्गत हुँदैन, अर्थात् एउटा परिभाषाले कुनै पनि विधाको गत्यात्मक रूपलाई समेट्न सक्दैन। कथाको डेढ -दुई सय वर्षको लामो इतिहासमा यसले धेरै स्वरूपहरूको निर्धारण गरिसकेको छ र अझ पनि यसको रूप फेरिँदो छ। अतः यसको कुनै पनि परिभाषाले यसको सम्पूर्णतालाई समेट्न सक्दैन तर

पनि साहित्यका विद्वानहरूले अन्य विधाझैँ कथालाई पनि परिभाषित गर्ने क्रममा आ-आफ्ना धारणा वा प्रतिक्रियाहरू व्यक्त गरेका छन्। वास्तवमा कथा एक गत्यात्मक कला भएकाले कुनै एउटै मात्र परिभाषामा यसलाई बाँधनु पनि राम्रो होइन। लामो विकासक्रमलाई हेर्दा यस विधाको शरीररचना तथा स्वभावमा आमूल परिवर्तन आइसकेको छ , तर यति भएर पनि यसको मौलिक जैविक रचनालाई दृष्टिगत गरेर विभिन्न परिभाषाहरू प्रस्तुत गर्न सकिन्छ।

वरिष्ठ अमेरिकी कथाकार एडगर एलेन पो कथाको परिभाषा गर्ने पहिला व्यक्ति हुन् र उनकै परिभाषालाई मानक परिभाषाको रूपमा मानिएको छ। पछिका विद्वानहरूले पनि उनकै परिभाषालाई अनुसरण गरेको पाइन्छ। त्यसैले यहाँ पनि सर्वप्रथम उनकै परिभाषालाई राख्ने प्रयास गरिएको छ। उनी भन्छन् "कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिद्धयाउन सकिन्छ। पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा पार्ने सबै कुराहरूलाई यसमा रहन दिइँदैन। यो आफैँमा पूर्ण हुन्छ।" यसरी पोको परिभाषाले कथा एकातिर आख्यानात्मक हुनु जरुरी छ भन्दछ भने अर्कातिर यसको आकार यति छोटो हुनुपर्छ जुन एकै बसाइमा पढेर सकियोस् भनी यो लघु आकारको हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ। यो पाठकका निम्ति ज्यादै रोचक एवम् प्रभाव पार्ने खालको हुनुपर्दछ भन्ने कुरातर्फ पनि उनले सङ्केत गरिरहेको देखिन्छ। लघु आकारकै भएपनि यो आफैँमा पूर्ण हुन्छ र पाठकलाई नाकारात्मक प्रभाव पार्ने सम्पूर्ण कुराहरूलाई यसमा बर्जित गरिएको हुन्छ भनी उनको परिभाषाबाट प्रस्ट हुन्छ। पोले कथामा प्रभावान्विति (unity of impression) हुनै पर्ने कुरामा जोड दिएका छन्, जसलाई अत्यन्त महत्त्वपूर्ण मानिन्छ। अर्का ब्रिटेनका अङ्ग्रेजी उपन्यासकार एवम् कथाकार एच्.जी : वेल्स भन्दछन्, "यो (कथा) बीस मिनेट जतिमा पढेर सिद्धयाउन सकिने हुनुपर्दछ।" यसरी यिनले पनि कथाको लघु आकारमाथि जोड दिएका छन्। यिनी अगाडि भन्दछन् , "यो थोरै समयमा पढेर सिद्धयाउन सकिने भए पनि मनमोहक अथवा चित्ताकर्षक हुन्छ।" यसैक्रममा उनले यसको कथावस्तुलाई सङ्केत गर्दै भनेका छन्, "यसको कथावस्तु कुनै भएजनक वा कारूणिक अथवा मनलाई प्रसन्न पार्ने खालको हुनुपर्दछ।" वेल्सले दिएका परिभाषा समयको दृष्टिले ठोस देखिए पनि विषयवस्तुको दृष्टिले खुकुलो देखिन्छ।

अर्का विद्वान एवम् समालोचक वेण्डर मेथ्युजले दिएको परिभाषा यस प्रकार छ, "कथाले अन्तत : एकै मात्र चरित्र वा एउटै परिस्थितिबाट उद्भूत विभिन्न संवेगहरूको शृङ्खलासँग मात्र सरोकार राख्दछ। यस विधामा अङ्गगत समन्विति हुन्छ।" यस परिभाषाअनुसार कथामा पात्र र घटनाको अन्योन्यक्रिया (inter play) हुनुपर्ने कुरामा जोड दिनुका साथै पोले झैँ कथामा पूर्णता अनिवार्य हुने तथ्यमाथि प्रकाश पारिएको छ। कथाको सानो आकारलाई नै ध्यानमा राखेर मेथ्यूजले कथामा एक मात्र पात्र अथवा एक मात्र परिस्थितिलाई आधार मानेर विषयको प्रतिपादन गरिएको हुन्छ भनेका छन्। यसको अर्थ कथामा परिमित पात्रहरूद्धारा जीवनको केवल एक क्षणको मात्र चित्रण गरिएको हुन्छ भने कुरा बुझ्न सकिन्छ। अर्का विद्वान आर.के. लागू भन्छन् , "आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो। यो एउटा चलाखीपूर्वक योजना गरिएको कलात्मक उपलब्धि हो।" यो परिभाषाले कथालाई एउटा कला मान्दछ र यो निकै चलाख सर्जकको उपलब्धि हो भनी प्रस्ट पार्दछ। अर्को प्रसिद्ध रुसी कथाकार एन्तोन चेखोवले कथालाई जीवनको एक खण्ड भनेका छन्। त्यस्तै एलरीले चाहिँ कथालाई घोडदौडसँग दाँज्न पुगेका छन्। उनी भन्छन्, "कथाको सुरुवात घोडदौडको जस्तै महत्त्वपूर्ण हुने गर्दछ र अन्त्य पनि घोडदौडकै जस्तो महत्त्वपूर्ण।" एलरीको परिभाषाले कथाको सुरुवात र अन्त्य ज्यादै आकर्षक हुन्छ भनेको छ।

भारतका अति प्रसिद्ध हिन्दी कथाकार प्रेम चन्द भन्दछन, "कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ। यसका पात्र, शैली, कथाविन्यास आदि सबैले त्यही एउटै भाषाको पुस्टि गर्दछन्। उपन्यासमा झैँ यसमा मानवजीवनका सम्पूर्ण तथा बृहद् रूप देखाउने प्रयास गरिँदैन, न त यसमा उपन्यास झैँ सबै रसहरूको सम्मिश्रण रहेको हुन्छ। यो एउटा यस्तो रमणीय बगैँचा होइन जसमा थरी-थरीका फूलहरु, बेलबुट्टा सजिएको हुन्छ, तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य सम्मुनत रूपमा देखा पर्दछ।" उनको यस परिभाषाले कथा कथाकारले मिहिनेतपूर्वक गरेको रचना तथा पाठकका लागि वासनायुक्त आर्थात् मनोरम हुनुपर्नेतर्फको जोड देखिन्छ। उनले पनि कथामा प्रभावान्वितिलाई महत्त्वपूर्ण मानेका छन्। कथालाई गमलाको फूलको बोटसँग तुलना गरेर उनले वास्तवमा कथामा पाइने संक्षिप्तता र प्रभावकारितामाथि विशेष जोड दिएका छन्।

प्रसिद्ध नेपाली कथाकार गुरुप्रसाद मैनाली भन्दछन्, "कुनै एक पात्रको जीवनको सङ्कटमय घटनालाई कलात्मक तरिकाले लेख्नु नै कथा रचना हो।" यो परिभाषामा एकातिर कथा मानव जीवनसँग सम्बन्धित हुनुपर्दछ भन्ने बुझिन्छ भने अर्कोतिर यसका घटना करुण हुनुपर्दछ भन्ने कुरा चाल पाइन्छ। अर्को नेपाली कवि एवम् कथाकार लक्ष्मीप्रसाद देवकोटा कथालाई एउटा सानो झ्यालसँग तुलना गर्दै भन्दछन्," छोटा किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ। थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो। यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदै छैन कि भन्ने जस्तो लाग्छ। यसैमा सबै रस निकाल्न सकिन्छ यसमा कला छ। यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ।" यिनको परिभाषाले कथामा कथाकारले दिन खोजेको संदेश वा मूल्य कथ्यलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको हुन्छ र कथाका लागि विषसमान मानिने आग्रहीकरणलाई त्यागेर नाटकीकरण गरिएको हुन्छ भन्ने कुरालाई देखाउँछ। देवकोटाले कथालाई एक स्वतःस्फूर्ण एवम् प्रभावकारी विधाका रूपमा लिएका छन्। नेपालीकै अर्का समालोचक डा. इश्वर बरालको धारणा यस्तो छ , "एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भाव दशाको मात्र उदघाटन गर्दछ।" यो परिभाषाले यस विधाको सीमाका साथै कलात्मक लक्ष्यलाई खुबै राम्ररी प्रस्ट्याएको छ। नेपाली कथासाहित्यका विद्वान डा. दयाराम श्रेष्ठ कथालाई यसरी परिभाषित गर्दछन्," कथा वास्तवमा विचार तथा भावना सञ्चरण गर्ने एउटा यस्तो कला हो जसले आफनो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ। "लघु आकारको हुनाका साथै कलात्मकता कथाको अर्को गुण हो र यसमा समाजको प्रतिबिम्ब हुन्छ भन्ने कुरा डा. श्रेष्ठले यो परिभाषाबाट प्रस्ट्याएका छन्।

यसरी पोले दिएका परिभाषालाई नै केही रुपान्तरित गर्दै अरूले पनि अगाडि ल्याएका छन्। सम्पूर्ण परिभाषालाई मोठ रूपमा हेर्दा यसको मोटामोटी स्वरूपलाई यसरी विश्लेषण गर्न सकिन्छ -

- यो एउटा आख्यानयुक्त गद्यात्मक साहित्य कृति हो ।
- आकारमा सानो भए पनि आफैँमा पूर्ण हुने र मानवीय संवेगहरूलाई बहन गर्ने यो एउटा दरिलो माध्यम् हो।
- यसको आफनै स्थापनागत कला मूल्य हुन्छ।

यसले प्रभावान्वितिको पूर्ण रूपमा परिपालना गरेको हुन्छ।

वास्तवमा कथा एउटा साहित्यिक कला-विशेष हो जसमा पात्र र घटनाको अन्योन्यकिया (Inter–Play) गरिएको हुन्छ। सुन्दर कथाले सम्बन्धित समाजको चिनारी दिन्छ। यसमा विषसमान मानिने आग्रहीकरणलाई त्यागेर पात्र र घटनाको नाटकीकरण गरिएको हुन्छ।

## कथाको रचना विधान

कथा कथात्मक संकथनभित्र पर्ने एउटा गद्यात्मक विधा विशेष हो जुन आफैँमा परिपूर्ण हुन्छ। साहित्यका विविध विधाहरूमध्ये यसको स्थान कनिष्ठको रूपमा रहेको हुँदा यसले सबैबाट आफ्नो प्रेरणा ग्रहण गरेको भए पनि यसको आफ्नै किसिमको रचनाविधान छ र यसले आफ्नो स्वतन्त्र अस्तित्व पनि कायम गरिसकेको छ। कथाका रचनाविधानमा आवश्यक मानिने तत्त्वहरूका विषयलाई लिएर अनेकौं मतमतान्तर भएको पाइन्छ तर पनि निम्नलिखित तत्त्वहरूलाई कुनै न कुनै रूपमा सबैले स्वीकारेका छन् : ती हुन्- कथावस्तु, पात्र/चरित्रचित्रण, वातावरण वा देश, काल र परिस्थिति, संवाद/कथोपकथन, उद्देश्य, भाषाशैली। यी तत्त्वहरू परम्परागत कथाहरूका लागि उपयुक्त देखिएर पनि आधुनिक कथाहरूमा यी सबै तत्त्वहरूको यथोचित निर्वाह भएको हुँदैन। त्यसैले आधुनिक कथाहरूलाई समेत समेटेर हेर्दा कथाको रचनाविधानका दुई रूपहरू देखिन्छन् : ती हुन्

१. संरचना

२. रूपविन्यास

### संरचना

संरचना भनेको कथाको आकार हो। कथा आफ्नै अङ्गउपाङ्गद्धारा निर्मित हुन्छ। वास्तवमा भन्ने हो भने लेखकमा भएको अर्मूत विचार कथानक, पात्र, दृष्टिविन्दु आदिबाट मूर्ति वा जुन खाका तयार हुन्छ त्यही नै कथाको संरचना हो। यसलाई कथाको स्थूल रूप मानिन्छ जुन कथामा प्रस्टसँग देखा परिरहेको हुन्छ। त्यसैले यसभित्र स्थूल तत्त्वहरू कथानक, पात्र, दृष्टिविन्दु र सारवस्तु पर्दछन्। यसबाट के स्पष्ट हुन्छ भने 'संरचना' भित्र कथाकारले प्रस्तुत गरेको कथन तर्क वा युक्ति पर्दछ , जसलाई संक्षेपीकरण गर्न सक्तछौं, अर्थात छोटकरीमा बुझेर आफ्नो स्मृतिपटमा अङ्कित गरेर राख्न सक्छौं। संरचना

कथामा नभइ साहित्येतर विधामा समेत विद्यमान हुन्छ। संरचनाअन्तर्गत पाइने मुख्य-मुख्य घटकहरूको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

### १. क.) कथानक

कथा आख्यानात्मक गद्य साहित्य भएको हुँदा पात्र र घटनाको अन्तक्रियाद्धारा यसमा अनिवार्य रूपमा एउटा सुन्दर कथानकको निर्माण गरिएको हुन्छ। कथावस्तु र कथानक दुवै एकै विषय नभएर दुवै फरक-फरक विषय हुन्। कथावस्तुमा घटनाहरूको विवरण मात्र हुने गर्दछ भने कथानकमा कार्य र कारणको श्रृङ्खला हुन्छ र लामो आख्यान बनाइएको हुन्छ। कथावस्तुमा घटनाहरूको घुइँचो हुन्छ भने कथानकमा त्यसलाई एउटै धागोमा उनेर श्रृङ्खलित बनाइन्छ। कथावस्तुमा पात्रहरू क्रियाशील भएका हुँदैनन् तर कथानकमा ती सजीव बनेका हुन्छन्। कथानकले पाठकहरूमा कुतुहल बढाउँछ यसले गर्दा पाठकहरू कथा रूचिपूर्वक अध्ययन गर्दछन्।

वास्तवमा भन्ने हो भने कथानकबिना कथाको अस्तित्व स्वीकार्न सकिँदैन। आजका कतिपय कथाहरूले कथानकका बेवास्ता गरे पनि सूक्ष्म रूपमा यसलाई स्वीकार्नै परेकोले यसको महत्त्व अझ दर्शिएको पाइन्छ। कथावस्तुमा जब सूत्र वा मूल्य थपिन्छ अनि यसले कथानकको रूप लिन्छ। मूल्यअन्तर्गत क्रियाव्यापार र द्वन्द्व गरी दुई तत्त्वहरू पर्दछन्; जसमध्ये क्रियाव्यापारमा पात्रको सोचाइ, बोलाइ र गराइ तीन अवस्था पर्दछन्। पात्रसँग प्रत्यक्ष रूपमा यसको सरोकार रहेको हुन्छ त्यसैले क्रियाव्यापार र द्वन्द्वको सम्मिश्रणबाट मूल्यको निर्माण र मूल्यबाट कथानकको निर्माण हुने गर्दछ। कथानकका आदि, मध्य र अन्त्य गरी तीन अवस्था हुने गर्दछन्। आदिमा समस्याको पहिचान, मध्यमा सङ्घर्ष र अन्त्यमा समस्याको समाधान हुने गर्दछ। आकारको दृष्टिले कथा अत्यन्त छोटो हुने भएकोले यसको कथानक अकस्मात सुरू हुने र छिट्टै गति लिने र निष्कर्षमा पुगी हाल्ने प्रवृत्तिको हुन्छ। निश्चित उद्देश्यमा पुग्न यसलाई आतुरी हुने हुँदा कथानकको आरम्भमा समस्याको पहिचान चाँडै नै हुने गर्दछ। कथामा यसको व्याप्ति सर्वत्र हुने हुँदा कथाका सबै अङ्गउपाङ्गलाई यसले प्रभावित पार्दछ। कथानक कार्यकारण श्राृङ्खलामा बाँधिने भएकोले यसको आफ्नै ढाँचा हुन्छ जसलाई कथानक ढाँचा भनिन्छ र यो रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ। रैखिक कथानक ढाँचा सोझो र सरल हुन्छ। क्रमशः कथाका घटनाहरू यसमा फुक्दै जान्छन्। समस्याबाट सुरू भएर पात्र र घटनाको अन्तक्रियाबाट यो बढ्दै जान्छ। सामाजिक यथार्थवादको ढप र ढाँचा अँगालेर लेखिएका कथा प्रायः रैखिक कथानक ढाँचाका हुने गर्दछन्।

वर्तमान कथालेखन परम्परागत कथानकको ढाँचा भत्काएर एउटा चुनौतिपूर्ण लेखनलाई स्वीकार्दै आएको छ, त्यो लेखन हो कथामा कथावस्तुलाई नगण्य बनाएर आफ्नो विचार वा अनुभूति को प्रतिक्रियालाई नै संरचना बनाउनु। त्यसैले आज कथानकहीनतातर्फ कथाकारहरू उन्मुख छन्। आज कथानक तत्त्व कथामा निकै शक्तिहीन भएको छ र यसको पुर्ख्यौली लक्षण मुस्किलैले बाँचिरहेको छ। यस तत्त्वलाई विष ठान्न थालिएको हुँदा यो विधा आज भिन्न चरित्रको देखिन थालेको छ।

### १. ख.) पात्र

कथानक एउटा घर हो भने त्यसभित्र क्रियाशील हुने पात्र त्यस घरमा बस्ने सदस्यहरू हुन्। कथानकको निर्माण पात्रबिना सम्भव छैन किनकि कथानक निर्माणमा कथासूत्रको आवश्यकता पर्दछ जबकि कथासूत्रका लागि क्रियाव्यापार र द्वन्द्वको उपस्थितिलाई आवश्यक मानिन्छ र क्रियाव्यापार पात्रको सुनाइ, बोलाइ र गराइसँग सम्बन्धित हुन्छ त्यसैले कथामा पात्र भन्नासाथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ। कथामा पात्र मानवीय वा मानवेत्तर दुवै हुनसक्छन्। मानवेत्तर पात्र भए पनि मानवीय संवेदना भने त्यसले बोकेकै हुनुपर्दछ। मानवीय सूक्ष्म भावनाहरूलाई पात्रले कतिसम्म टिप्न सकेको छ त्यो पात्रबाटै थाहा हुन्छ। मानिसलगायत पशु , पंक्षी, ढुङ्गा, बालुवा, काठ आदि जुन वस्तुले पनि कथामा पात्र हुने क्षमता राखेका हुन्छन्। पात्रले गरेको क्रियाकलापले कथाभरि प्रभाव पारेको हुन्छ। कथाको उद्देश्यअनुरूप पात्रको चयन गर्नुपर्ने हुन्छ त्यसैले उद्देश्यले पात्रलाई प्रभावित पारिराखेको हुन्छ। पात्रको व्यवहारले उसको परिचय दिन्छ। पात्रमा आइपरेको दुःखहरू उसैको क्रियाकलापले आएको हुनुपर्दछ, अनि मात्र त्यो पात्र सजीव हुन्छ। कथामा प्रयुक्त पात्रहरूले वर्तमान युगजीवनका मानवीय डोवहरूलाई समेट्न सक्नुपर्दछ। कथामा कथावस्तुले मागेअनुसार पात्रको उपस्थिति गराउनु पर्दछ, पात्रको अनावश्यक घुइँचोले कथालाई शिथिल बनाउँछ। कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खूबै ध्यान दिएको हुन्छ। यसका लागि प्रत्यक्ष वा नाटकीयमध्ये कुनै पनि वा दुवै विधिलाई प्रयोग गर्ने गरिन्छ। जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको निजी पहिचान देखिनुपर्दछ। काठे पात्र (Woden

Charete्र) ले कथालाई जीवन्तता दिन सक्दैन। कथामा पात्रलाई प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई पद्धतिद्वारा चिनाउन सकिन्छ। कथामा पात्रको जन्म इतरलोकबाट नभएर यही लोकबाट हुनुपर्दछ। अन्त्यमा भन्नु पर्दा कथाको संरचनाका लागि पात्र नभइ नहुने अत्यावश्यक तत्त्व हो।

### १. ग.) दृष्टिविन्दु

कथाको संरचनाअन्तर्गत आउने अर्को महत्त्वपूर्ण तत्त्व हो। यो कथालाई प्रस्तुत गर्दा पात्रलाई उपस्थित गराउनसँग सम्बन्धित छ। पात्रबिना कथालेखन सम्भव छैन। पात्रको उपस्थितिले पनि कथाको स्तरीयताको मापन गर्दछ। कथामा आफैँ पसेर कुनै कथाकार कथाको रचना गर्न रूचाउँछन् भने आफू तटस्थ बसेर पनि कथाको रचना गर्न रूचाउँने कथाकारहरू छन्। पात्रलाई कहाँ राखेर कसरी कथा प्रस्तुत गर्ने भन्ने कुरालाई दृष्टिविन्दुले सङ्केत गर्दछ। अझ भनूँ भने कथा प्रस्तुत गर्ने तरिका नै दृष्टिविन्दु हो। यसलाई कथाको सारवस्तुले पनि निर्देशित गरिरहेको हुन्छ। सारवस्तुअनुअप कथाकारले दृष्टिविन्दुको प्रयोग गर्न सकेन भने कथा फितलो हुन्छ। कतिपय कथाहरूमा लेखक दर्शक भएर बसिरहेको हुन्छ अर्थात् ऊ निष्कृय हुन्छ भने कतिपय कथाहरूमा स्वयम्र पात्र भएको हुन्छ। त्यसैले कथामा 'दृष्टिविन्दु' दुई प्रश्नमा आधारित हुन्छन्, ती हुन् - कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ ? र कथासँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध कायम रहेको छ ?

कुनै कथामा 'म' पात्रको निर्णायक भूमिका रहेको हुन्छ भने कुनै कथामा 'त्यो' पात्रको। दृष्टिविन्दु पात्र 'म' अर्थात् प्रथम पुरुष रहेको अवस्थामा वा 'त्यो' अर्थात् तृतीय पुरुष रहेको अवस्थामा कथाको संरचनात्मक स्वरूप नै फरक-फरक हुन जान्छ। दृष्टिविन्दु केवल 'म' र 'त्यो' को शाब्दिक अर्थमा मात्र सीमित छैन, परन्तु पात्रको मनको अनुभूति, भाव, संवेग चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रकियासँग नै मूलतः यो सम्बद्ध छ। यसले पात्रपट्टि गहिरो चाख राखेको हुन्छ। मनोवैज्ञानिक कथामा र सामाजिक कथामा यसको प्रयोग कथानुसार फरक-फरक हुने गर्दछ। कथाकार हुनाको दायित्व केवल सतही घटनाको कम बाँधिदिँदैमा पूरा हुन सक्दैन। पात्रको निजी मानसिक बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षणविशेषमा त्यस पात्रले अनुभूत गर्ने कुरा, मनका प्रतिकिया, विचार क्षमताको सीमा अदि कथामा पात्रको माध्यम्बाट व्यक्त गर्ने क्षमता कथाकारमा भएको हुनुपर्दछ। त्यसैले कथात्मक दृष्टिनिन्दु भनेको पात्रको मनभित्रको डुबुल्की लगाइ हो।

आन्तरिक दृष्टिविन्दु (Internal Viewpoint), र बाह्य दृष्टिविन्दु (External Viewpoint) गरी दृष्टिबिन्दु पनि दुई प्रकारका छन् । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन्। बह्य दृष्टिविन्दुचाहिँ सर्वदर्शी, सीमित, वस्तुपरक गरी तीन प्रकारका हुन्छन्।

पात्र कथामा प्रथम पुरूषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ। यसअन्तर्गत केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ। 'म' पात्रको उपस्थिति कथाको केन्द्रमा हुनु नै आन्तरिक केन्द्रीय दृष्टिविन्दु हो। यसले 'म' पात्रको संवेगात्मक भावनाहरूलाई प्रस्तुत गरेको हुन्छ। आफना अनुभूतिहरू प्रत्यक्ष पाठकका समक्ष राख्न यो दृष्टिबिन्दु ज्यादै महत्त्वपूर्ण सावित भएको छ। मनोवैज्ञानिक कथाहरू प्रायः आन्तरिक केन्द्रीय दृष्टिबिन्दुमा रचिएका हुन्छन्। दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्षमताका साथ प्रस्तुत हुन्छ। परिधीय दृष्टिबिन्दुमा चाहिँ 'म' पात्र त रहन्छ, तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ। यस्तो दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम् भएर भूमिका खेल्दछ। यसको केन्द्रमा तृतीय पुरुषको पात्र रहने गर्दछ भने 'म' पात्रले कथा भनिरहेको हुन्छ। यसमा घटनाको द्रष्टा स्वयम् 'म' पात्र हुन्छ। कथामा पात्र तृतीय पुरूषमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ। यसअन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिकिया, विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ। कथाकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रूपले चियाउने गर्दछ। सीमित दृष्टिविन्दुमा चाहिँ केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ। अनि वस्तुपरक दृष्टिविन्दुमा चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन। यसरी समग्रम भन्नु पर्दा कथामा दृष्टिविन्दुको महत्त्वलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ -

- अमूर्त अवस्थामा रहेको सारवस्तुलाई मूर्त्याउन,
- कथालाई प्रभावकारी बनाउन,
- कथावस्तुलाई कथानकमा ढाल्न,
- पात्रहरूको गहिरो अध्ययन गर्न,
- कथामा भएका पात्राहरूलाई उपस्थित गराउन ।

### १. घ.) सारवस्तु

कुनै पनि कृतिमा लेखकले पाठकसँग सम्बन्ध स्थापना गर्नाका लागि आफ्नो विचार, भाव, कथ्य आदिलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको हुन्छ। सारवस्तु पनि लेखकको भाव वा विचारसँग नै सम्बन्धित तत्त्व हो। यो कृतिको भित्र पात्र र घटनाको आवेष्टनमा लुकेर बसेको हुन्छ, जुन कृतिको प्राण हो र योबिना कृतिको सिर्जना नै अनावश्यक ठानिन्छ; अझ सम्भव पनि छैन भन्नुपर्दछ। वस्तुत कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँदछौं, त्यही नै सारवस्तु (Theme) हो। कथामा कुनै न कुनै विचार वा भावको वीज रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ, जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ। त्यस बीज-रूपलाई बिना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो, त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्छ। त्यसैले बीज रूप भनेको कथा- संरचनाको सौन्दर्यतत्त्व हो जसलाई हामी सारवस्तु भनेर चिन्दछौं। यस अङ्गलाई कथाकारले अभिधात्मक, अन्योक्तिमूलक वा प्रतिकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्छ।

कथामा सारवस्तु मानवशरीरको रक्तसञ्चार प्रणाली झैं सर्वव्याप्त हुन्छ। यसको स्थितिचाहिँ शाश्वत् (Universal) हुन सक्तछ र प्रसङ्गविषयक (Topical) पनि तर जे भए पनि यसले मानवसमाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ। कथाबाट निर्दिष्ट सारवस्तु कालजयी हुनुपर्दछ। नदीको पानीभित्रको विद्युतीय धारझैं यस्ता भाव वा विचारले मानवमन वा समाजमा परिवर्तन ल्याउन सक्छ।

### २. रूपविन्यास

कथाको रचनाविधानका दुई रूपहरूमध्ये दोस्रो रूपविन्यास हो। कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूपविन्यास हो। कुनै पनि कथाबाट अर्थ, वस्तु विचार र कथानकलाई झिकिसकेपछि बाँकी रहने तत्त्व नै रूपविन्यास हो। वास्तवमा संरचना कथाको अस्थिपिन्जर हो, जसलाई एउटा निश्चित आकृति दिने काम रूपविन्यासले गर्दछ। यसअन्तर्गत कथाका सूक्ष्म तत्त्वहरु पर्दछन्; जस्तै – पदविन्यास, विम्बविधान, ब्यङ्ग्य, प्रतीकविधान, तुलना (उपमा, प्राक्सदर्भ आदि) शीर्षक, पूर्वप्रसङ्ग आदि। कथाको भाषिक एवम् शिल्प- शैलीगत निर्माणमा साहयता गर्ने तत्त्वहरू यसमा पर्ने भएकाले तत्क्षण यसले पाठकवर्गलाई प्रभावित पार्ने काम गर्दछ।

रूपविन्यास वैयक्तिक हुने हुनाले यसका संवृत (Closed) र विवृत (Open) दुई स्थितिहरु हुन्छन्। संवृतमा कथाकार सरल अभिव्यत्तितर्फ उन्मुख हुन्छ र उसले आफ्ना कथामा संरचनाको पछि रूपविन्यास लगाइदिएको हुन्छ, र उसले आफ्ना कथामा संरचनाको पछि रूपविन्यास लगाइदिएको हुन्छ, तर विवृतमा कथाकार बारम्बार विशिष्ट प्रकारको अभिव्याक्तितर्फ उन्मुख हुन्छ र उसले आफ्ना कथामा संरचनाको हाराहारी वा समान्तर रूपविन्यासलाई पनि उपस्थित गरिदिएको हुन्छ।

कथामा भएको विचारलाई एउटा दार्शनिक, समाजशास्त्री, मनोविज्ञानविद्, नीतिकार आदिले पनि भन्न सक्छ। तर तिनीहरूको भनाइमा केवल संरचना मात्रै हुन्छ रूपविन्यास हुँदैन। त्यसैले रूपविन्यासले प्रत्यक्ष रूपमा कलासँग सम्बन्ध राख्दछ। साहित्यिक विधाहरूको मौलिक मूल्य भनेकै रूपविन्यास हो। यो कृतिम तरिकाबाट आर्जन हुने वस्तु होइन। यो त कथाकारमा हुने नैसर्गिक संस्कार हो। त्यसैले प्रत्येक कथाकारको रूपविन्यासगत विशेषता फरक-फरक हुन्छ। एउटै कथानकलाई लिएर दुई कथाकारले कथा लेखेमा रूपविन्यासकै कारण ती दुई कथा फरक-फरक हुने गर्दछन्। संरचना र रूपविन्यासको अन्योन्याश्रित सम्बन्ध कथामा रहेको हुन्छ। सफल कथा जन्मनका लागि यी दुई बीच आपसी सम्झौता हुनु आवश्यक छ, अन्यथा त्यो कथा घोर प्रचारवादी, अकलात्मक, उद्देश्यहीन, प्रयोगबादी वा निम्नस्तरीय हुन पुग्छ। सफल कथाकारले यी दुवैको राम्रो मिलान गरेको हुन्छ।

## कथाको स्वरूप

कथा आख्यान- साहित्यअन्तर्गत पर्ने गद्य - विधा भएको हुनाले स्थूल वा सूक्ष्म रूपमा कथा- सूत्र अनिवार्य रूपमा रहेको हुन्छ। परम्परागत कथाहरूमा कथा सूत्रको - स्थूल रूप देखिन्छ भने आधुनिक (बीसको दशकपछिका) कथाहरूमा कथा - सूत्रको सूक्ष्म रूप देखिन्छ , तर जे होस् कथा - सूत्रचाहिँ देखिन्छ नै।

यो विधा आकारको दृष्टिले सानो हुने भएकोले एकातिर यसमा जीवनको केवल एक खण्ड (Slice of Life) को कलात्मक प्रस्तुति हुन्छ भने अर्कातिर यसमा परिमित पात्रहरू रहेका हुन्छन्। पात्र र घटनाबीचको अन्योन्याक्रियाद्वारा एउटा सुन्दर कथानकको निर्माण यसमा अनिवार्य रूपले गरिएको हुन्छ। कथानकबिना कथाको आस्तित्व नरहने हुनाले

अत्याधुनिक कथाहअमा पनि कथाकारले कथानकको नाममा केही न केही अभ्यास गरेकै हुन्छ।

कथा सोद्देश्यपूर्ण लेखिने हुँदा यसमा कुनै भाव, विचार वा दृष्टिकोण प्रस्तुत भएको हुन्छ; जसलाई साहित्यशास्त्रको, भाषमा सारवस्तु (Theme) भनिन्छ। तर आज लेखिने विशेष गरेर प्रयोगवादी कथाहरूमा भने यो सारवस्तु स्पष्ट रूपमा झल्किएको हुँदैन। कथाकारले कुनै क्षण विशेषमा मानिसका मनमा उब्जने भावलाई अथवा नगण्यभन्दा नगण्य विषयलाई आधार बनाएर त्यसैको वरपर कथाको जालो निर्माण गरी नितान्त नयाँ ढङ्गबाट आफ्नो कथालाई प्रदर्शन गर्ने गरेका पाइन्छ।

यस विधाको आफ्नै रचना- विधान हुने भएको हुँदा यसका संरचना र रूपबिन्यास अलग-अलग पक्षहरू हुन्छन्। पोले आफ्नो परिभाषामा कथा छोटो हुनाले एक बसाइमा पढेर सिध्याउन सकिने हुन्छ भनेको कुराबाट पनि यसको स्वरूप सानै हुन्छ भन्ने कुरा थाहा पाइन्छ। एच.जी.वेल्स, प्रेम चन्द, लक्ष्मीप्रसाद देवकोटा सबैले यसको स्वरूप सानै हुन्छ भनेर स्वीकारेका छन्।

## निष्कर्ष

लघु आयतन भएको सीमित परिवेशमा आधारित तथा न्यून पात्रहरूको उपस्थिति भएको र प्रभावपूर्ण भाव वा विचारयुक्त घटना भई लघुर्सरचनामा आबद्ध गद्यरचनालाई कथा भनिन्छ। संरचना र रूपविन्यास कथाको लघुर्सरचक घटक वा उपकरण हुन्। कथाकारले पोखेको अनुभूति वा विचार कथामा मूल्यको रूपमा आउँछ। पहिलेपहिलेका कथाहरूमा मूल्यका रूपमा कुनै न कुनै सन्देश हुन्थ्यो, तर आजका आधुनिक कथामा त्यस्तो उपदेश नभएर मानव जीवनका विविध अनुभूतिलाई प्रस्तुत गरिएको हुन्छ। कथा न्यून पात्रहरूका उपस्थितिमा सोद्येश्यपूर्वक रचिने एक गद्यरचना हो।

## सन्दर्भ ग्रन्थसूचि


बराल, इश्वर (२०४६)। **छरिएका समीक्षा**, ललितपुर, साझा प्रकाशन।

बराल, इश्वर(२०४६) । **झयालबाट** (चौथो सं.) ललितपुर, साझा प्रकाशन।

बराल, ऋषिराज र घिमिरे, कृष्णप्रसाद (२०५७) । **नेपाली कथा, भाग-३**, ललितपुर,साझा प्रकाशन।

श्रेष्ठ, दयाराम (२०६१)। **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, काठमाडौं; त्रिकोण प्रकाशन।

श्रेष्ठ, दयाराम (२०३९) **नेपाली कथाका समकालीन सन्दर्भहरू**, काठमाडौं; ने.रा.प्र.प्र ।

श्रेष्ठ, दयाराम (२०६०) । **नेपाली कथा भाग-४,** (दो.सं.), ललितपुर, साझा प्रकाशन ।

शर्मा, मोहनराज र सुवेदी, राजेन्द्र (२०४१) । सम्पा. **समसामयिक साझा कथा,** ललितपुर,साझा प्रकाशन।

सुवेदी, राजेन्द (२०५१)। **स्नातकोत्तर नेपाली कथा**, ललितपुर, साझा प्रकाशन ।

आचार्य, नरहरि र अन्य (२०५४) । **नेपाली कथा भाग-१** ललितपुर, साझा प्रकाशन।

अवस्थी, महादेव (२०५५) । **नेपाली कथा भाग-२,** ललितपुर,साझा प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९) । **नेपाली कथाको इतिहास**, काठमाडौं; ने.रा.प्र.प्र।